# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः १० आषाढ, २०८० साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन), २०८०

**प्रस्तावना:** **शिक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली, २०७६ को नियम ११९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहाएको नियमावली बनाएको छ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस नियमावलीको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा नियमावली (दोस्रो संशोधन),२०८०" रहेको छ ।

२. यो नियमावली नगर कार्यपालिकाबाट स्वीकृत भए पछी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल नियमावलीको नियम ५३ को उपनियम ३ मा संशोधन:** मूल नियमावलीको नियम ५३ को उपनियम ३ को खण्ड (क), (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाए बमोजिम संशोधन गरी खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) थप गरिएको छ।

(क) सामुदायिक माध्यामिक विद्यालयका लागि प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको माध्यामिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरेको र शैक्षिक योग्यता स्नातकोत्तर तह उत्तीर्ण भएको वा स्नातक तह उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको हुनुपर्नेछ।

(ख) माध्यामिक विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै माध्यमिक विद्यालयका लागि नियम ५३ को ३ (क) अनुसारको उम्मेदवारी प्राप्त नभएका अवस्थामा स्नातकोत्तर तह उत्तीर्ण भई माध्यमिक तहमा स्थायी शिक्षकको रुपमा कार्यरत रहेका र एक बर्ष सेवा अवधि अनुभव भएका शिक्षकहरूले उम्मेदवार हुन पाउनेछन्।

(ग) नियम ५३ को ३ (ख) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई निम्न माध्यमिक तहको शिक्षक स्थायी नियुक्ति लिई कम्तिमा पाँच वर्ष

अनुभव भएका शिक्षकहरूले पनि माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(घ) नियम ५३ को ३ (ग) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई निम्न माध्यमिक तहको शिक्षक स्थायी नियुक्ति लिई कम्तिमा एक वर्ष अनुभव भएका शिक्षकहरूले पनि माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(ङ) नियम ५३ को ३ (घ) अनुसार नभएमा स्नातकोत्तर तह उत्तीर्ण भई प्राथमिक तहमा स्थायी शिक्षकको रुपमा पाँच वर्ष शिक्षण अनुभव भएका शिक्षकहरूले समेतले माध्यमिक तहको प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउनेछन्।

(च) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ८ सम्मका) विद्यालयको प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको निम्न माध्यमिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरी स्नातक तह उत्तिर्ण भएको हुनु पर्नेछ।

(छ) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ८ सम्मका) विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै विद्यालयका लागि नियम ५३ को ३ (च) अनुसारको उम्मेदवार प्राप्त नभएका अवस्थामा प्रधानाध्यापक हुनका लागि निम्न माध्यमिक दरबन्दीमा स्थायी शिक्षकको रुपमा एक वर्ष अनुभव प्राप्त गरी स्नातक उपाधी प्राप्त गरेका शिक्षकहरूले उम्मेदवार हुन पाउने छन्।

(ज) नियम ५३ को ३ (छ) अनुसार नभएमा प्राथमिक शिक्षक दरवन्दीमा स्थायी नियुक्ति लिई कम्तिमा पाँच वर्ष सेवा अवधि पुरा गरी स्नातक तहको शैक्षिक योग्यता पूरा भएका शिक्षक पनि प्रधानाध्यापकका लागि उम्मेदवार हुन पाउने छन्।

(झ) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ र प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्मका) विद्यालयको प्रधानाध्यापक हुन नगरपालिकाको सेवाक्षेत्र भित्रका सामुदायिक विद्यालयको प्राथमिक शिक्षक दरबन्दीमा स्थायी शिक्षक नियुक्ति भई कम्तिमा पाँच वर्ष पूरा गरेको र शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र तह/कक्षा १२ उत्तिर्ण भएको हुनुपर्नेछ।

(ञ) सामुदायिक आधारभूत (प्रारम्भिक बाल कक्षादेखि कक्षा ३ र प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्मका) विद्यालयको प्रधानाध्यापक नियुक्तिका लागि गरिएको विज्ञापनमा कुनै विद्यालयका लागि नियम ५३ को ३ (झ) अनुसारको उम्मेदवार प्राप्त नभएका अवस्थामा प्रधानाध्यापक हुनका लागि प्राथमिक दरबन्दीमा स्थायी शिक्षकको रुपमा एक वर्ष अनुभव प्राप्त गरी शैक्षिक योग्यता प्रविणता प्रमाणपत्र तह/कक्षा १२ उत्तीर्ण गरेका शिक्षकहरूले उम्मेदवार हुन पाउने छन्।

(ट) विद्यालयको प्रधानाध्यापक हुनका लागि दरखास्त दिने शिक्षक उच्च नैतिक चरित्र भएको हुनुपर्नेछ।

(ठ) प्रधानाध्यापकको पदमा उम्मेदवार हुन कुनै राजनैतिक दलमा सहभागी नभएको हुनुपर्नेछ।

(ड) उमेरका कारणले अनिवार्य अवकाश हुन २ वर्षभन्दा कम अवधि बाँकी भएका शिक्षक प्रधानाध्यापकको उम्मेदवार हुन पाउने छैनन्।

**३. मूल नियमावलीको नियम ५३ मा संशोधनः** मूल नियमावलीको नियम ५३ को उपनियमहरु (३क), (३ख), (३ग), (३घ), (३ङ), (३च) र (३छ) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गरिएको छ।

(३क) प्रधानाध्यापक पदको लागि योग्यता पुगेका शिक्षकहरुले विद्यालय विकास प्रस्ताव सहित तोकिएको समय अवधिभित्र (३ङ) बमोजिमको छनोट समिति समक्ष आवेदन पेश गर्नु पर्नेछ।

(३ख) (३क) बमोजिम विद्यालय विकास प्रस्ताव प्राप्त भएपछि छनोट समितिले अनुसूची - ११क मा उल्लिखित आधारमा मूल्यांकन गरी योग्यताक्रम निर्धारण गर्नुका साथै सोही आधारमा उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्न नगर शिक्षा समिति समक्ष सिफारिस गर्नुपर्दछ। छनोट समितिले पचास (५०) अङ्क प्राप्त नगर्ने उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्तिको लागि सिफारिस गर्न पाउने छैन।

(३ग) ........................................ *

(३घ) छनोट समितिले योग्यताक्रमको आधारमा सिफारिस गरेका प्रधानाध्यापकहरुलाई नगर शिक्षा समितिले नियुक्ति गर्नेछ।

(३ङ) **छनोट समिति गठन:** सामुदायिक विद्यालयको माध्यमिक देखि आधारभूत विद्यालयसम्मको प्रधानाध्यापक छनोटका लागि देहाए बमोजिमको समिति हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) नगर शिक्षा समितिबाट मनोनित २ जना बिज्ञ — सदस्य

(ग) शिक्षा विकास समन्वय इकाईका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि — सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(३च) उपनियम (३ङ) बमोजिमको खण्ड (ख) मा व्यवस्था भएको विज्ञ सदस्यहरूको पदावधि कार्यसम्पन्न भए पश्चात स्वतः समाप्त हुनेछ।

(३छ) **छनोट समितिको बैठक सम्बन्धी व्यवस्था:** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) छनोट समितिको सदस्य सचिवले समितिको बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अगावै सबै समितिका सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) छनोट समितिका ५० प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

---

* उपनियम (३ग) हटाइएको छ।

(४) छनोट समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(५) छनोट समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(६) छनोट समितिको बैठक समबन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) छनोट समितिको निर्णयमा संयोजकले प्रमाणित गरी राख्नु पर्नेछ।

(८) छनोट समितिका पदाधिकारीले नियमानुसार बैठक भत्ता पाउनेछन्।

(९) छनोट समितिको सचिवालय नगर शिक्षा शाखामा रहनेछ।

**४. मूल नियमावलीको नियम ५३ उपनियम (१४क) र (१४ख) मा संशोधनः** मूल नियमावलीको नियम ५३ को उपनियम (१४क) र (१४ख) मा भएको व्यवस्थालाई हटाईएको छ ।

**५. मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-११क मा देहाय बमोजिम संशोधन गरिएको छ।

**अनसूची-११ क**

नियम ५३ को उपनियम (३ख) सँग सम्बन्धित

**प्रधानाध्यापक छनोटका आधारहरु**

| क्र.सं. | छनोटका आधारहरु | अङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता-१५ | |
| | क) न्यूनतम शैक्षिक योग्यता | १० |
| | ख) माथिल्लो शैक्षिक योग्यता | ५ |
| २ | शिक्षण अनुभव | १० |
| ३ | जेष्ठता | ४ |
| ४ | तालिम-८ | |
| | क) शैक्षिक तालिम | ५ |
| | ख) विद्यालय व्यवस्थापन तालिम | ३ |

| | | |
|---|---|---|
| ५ | अध्ययन गरेको विषयमा प्राप्त नतिजा | ३ |
| ६ | विद्यालय विकास प्रस्ताव-२५ | |
| | क) विद्यालय विकास प्रस्ताव | १५ |
| | ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | १० |
| ७ | नेतृत्व लिने क्षमता-१० | |
| | क) नगर शिक्षा समितिको अध्यक्षको मूल्याङ्कनबाट | ७ |
| | ख) शिक्षा युवा तथा खेलकुद शाखाको मूल्याङ्कनबाट | ३ |
| ८ | लिखित परीक्षा-१५ | |
| | क) विषयगत | १० |
| | ख) बस्तुगत | ५ |
| ९ | अन्तर्वार्ता | १० |
| | **जम्मा** | **१००** |

**नोटः**

(१) न्यूनतम शैक्षिक योग्यता बापत अंक प्राप्त गर्दा न्यूनतम शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए १० अङ्क, द्वितीय श्रेणी भए ८ अङ्क, तृतीय वा उत्तीर्ण श्रेणी भए ६ अङ्क दिईनेछ। माथिल्लो शैक्षिक योग्यता बापत अंक प्रदान गर्दा प्रथम श्रेणी भए ५ अङ्क, द्वितीय श्रेणी भए ४ अङ्क, तृतीय वा उत्तीर्ण श्रेणी भए ३ अङ्क माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फिल., १-८ आधारभुत तहको हकमा स्नातकोत्तर र १-५ आधारभुत तहको हकमा स्नातकलाई जनाउने छ।

(२) शिक्षण अनुभव बापत अंक प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण कार्य गरेको भए प्रतिवर्ष ०.५ का दरले बढीमा १० अंक दिईनेछ।

(३) जेष्ठता बापत अंक प्रदान गर्दा प्रथम श्रेणी भए ४ अङ्क, द्वितीय श्रेणी भए ३ अङ्क, तृतीय वा उत्तीर्ण श्रेणी भए २ अंक दिईनेछ।

(४) (क) शैक्षिक तालिम बापत  अङ्क प्रदान गर्दा प्रथम श्रेणी भए ५ अङ्क, द्वितीय श्रेणी भए ४ अङ्क, तृतीय वा  उत्तीर्ण श्रेणी भए २ अङ्क, न्यूनतम १० महिनाको प्रमाणपत्र सहितको सेवाकालीन तालिमका लागि श्रेणी नखुलेको भए द्वितिय श्रेणी सो सरह अंक प्रदान गरिनेछ।

(ख) विद्यालय व्यवस्थापन तालिम बापत अंक प्रदान गर्दा प्रथम श्रेणी भए ३ अङ्क, द्वितीय श्रेणी भए २ अङ्क, तृतीय वा उत्तीर्ण श्रेणी भए १ अङ्क दिईनेछ।

(५) अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत अङ्क दिंदा पछिल्लो ३ शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको      बढीमा १ अङ्कका दरले बढीमा ३ अङ्क दिईनेछ। अङ्क दिंदा प्रति वर्ष देहायका आधारमा दिईनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको नगरपालिकाको औसत उत्तीर्ण प्रतिशत}} \times ३$$

**(६) (क) विद्यालय विकास प्रस्ताव बापत देहाय बमोजिम १५ अङ्क दिईनेछ:**

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि।

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धि बिचको सूचकगत अन्तर विश्लेषण।

४. अपेक्षित उपलब्धि हासिल गर्नका लागि शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित)।

५. प्रस्तावित योजना कार्यान्वयनको कार्ययोजना खाका (आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउनुपर्ने) र सोको मूल्याङ्कनका सूचकहरु।

६. विद्यालय विकास प्रस्तावको भाषा भाषिक शुद्धता लेखाइको स्तर विद्यालय विकास प्रस्तावको ढाँचा अनुसूचीमा दिइएको छ।

**(ख) प्रस्ताव प्रस्तुतीकरण र छलफल बापत देहाय बमोजिम अङ्क प्रदान गरिनेछ:**

१. प्रस्ताव प्रस्तुतीकरण बापत ५ अङ्क,

२. समय पालना बापत १ अङ्क,

३. प्रस्तुतीकरणको मौलिकता तथा प्रश्नोत्तर बापत ४ अङ्क,

४. प्रस्ताव प्रस्तुतीकरण र छलफलका लागि एकजना उम्मेदवारलाई बढीमा १५ मिनेटको समय दिईनेछ।

**(७) नेतृत्व लिने क्षमता बापत देहाय बमोजिम कूल १० अङ्क दिईनेछः**

१. कार्यसम्पादनको मूल्याङ्कनका आधारमा नगर शिक्षा समितिको अध्यक्षले अधिकतम ७ अङ्क प्रदान गर्न सक्नेछ।

२. विद्यालयमा सम्पादन गरेको कामका आधारमा शिक्षा युवा तथा खेलकूद शाखा प्रमुखले अधिकतम ३ अङ्क प्रदान गर्न सक्नेछ।

**नगर शिक्षा समिति अध्यक्षको मूल्यांकनको आधार**

| मूल्यांकनका आधारहरु | अतिउत्तम (१.७५) | उत्तम (१.५०) | मध्यम (१.२५) | सामान्य (१.००) | कैफियत |
|---|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशिलता | | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | | |
| ग) विध्यार्थी शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परीचालन गर्न सक्ने क्षमता | | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | | |

**शिक्षा तथा खेलकुद शाखा प्रमुखको मूल्यांकनको आधार**

| मूल्यांकनका आधारहरु | अतिउत्तम (०.७५) | उत्तम (०.६०) | मध्यम (०.४५) | सामान्य (०.३०) | कैफियत |
|---|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशिलता | | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | | |
| ग) विध्यार्थी शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परीचालन गर्न सक्ने क्षमता | | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | | |

**(८) लिखित परीक्षा १५ अङ्कः**

शैक्षिक योजना, व्यवस्थापन, अनुसन्धान, शिक्षा प्रणाली र शैक्षिक नेतृत्व सम्बन्धी विषयगत समस्यामूलक प्रश्नोत्तरका लागि छनोट समितिले एक घण्टाको लिखित परीक्षा सञ्चालन गर्नेछ।

बस्तुगत प्रश्नः ५ अंक

विषयगत प्रश्नः १० अंक

८० प्रतिशतभन्दा बढी अङ्क दिनुपरेमा सोको पुष्टयाँई दिनुपर्नेछ।

**(९) अन्तर्वार्ता कूल १० अङ्क**

अन्तर्वार्ता बापतको अङ्क देहाय बमोजिम प्रदान गरिनेछः

१. व्यक्तित्व बापतः १ अङ्क ।

२. आत्मविश्वास बापतः १ अङ्क ।

३. भाषिक शुद्धता र भाषिक स्पष्टता बापतः १ अङ्क ।

४. नेतृत्व सम्बन्धी जानकारी बापतः २ अङ्क ।

५. विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको समर्पण भाव बापतः १ अङ्क ।

६. शैक्षिक प्रशासन सम्बन्धी जानकारी बापतः १ अङ्क ।

७. शिक्षाका समसामयिक मुद्दाहरुलाई अवसरका रुपमा बदल्ने क्षमता बापतः ३ अङ्क ।

एकजना उम्मेदवारको अन्तर्वार्ताका लागि कम्तिमा १० मिनेटको समय प्रयोग गरिनेछ। अन्तर्वार्तामा ४० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क दिनुपरेमा सोको पुष्टयाइ दिनुपर्नेछ।

माथिका आधार र मापदण्डमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने शिक्षक प्रधानाध्यापकको नियुक्ति पाउनका लागि योग्य हुनेछन् तर कम्तिमा ५० प्रतिशत अङ्क प्राप्त नगर्ने शिक्षक प्रधानाध्यापकको नियुक्ति पाउन योग्य हुने छैनन्।

**प्रमाणीकरण मितिः २०८०।०३।०६**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**